नेपाल सरकार

# शिक्षा तथा खेलकुद मन्त्रालय

पत्र संख्याः-
चलानी नं.:-

सिंहदरबार,
काठमाडौं, नेपाल ।

नेपाल सरकार
शिक्षा तथा खेलकुद मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

## प्रेस विज्ञप्ति

खेलकुद प्रतियोगिताको माध्यमबाट स्वस्थ, सक्षम, मर्यादित, अनुशासित खेलाडी र सिर्जनशील नागरिक तयार गर्न खेलकुदको विकास, विस्तार र प्रवर्द्धन गरिन्छ। राष्ट्रिय खेलकुद प्रतियोगिताको नवौं संस्करण २०७९ असोज २८ गतेदेखि कार्तिक ३ गतेसम्म गण्डकी प्रदेशमा भएको थियो। सोपश्चात राष्ट्रिय खेलकुद प्रतियोगिता सञ्चालन हुन सकेको थिएन। तसर्थ यसै सन्दर्भमा राष्ट्रिय खेलकुद परिषद्का अध्यक्ष एवम् माननीय शिक्षा तथा खेलकुद मन्त्रीज्यूको अध्यक्षतामा बसेको परिषद्को १२५ औं बैठकको सिफारिससमेतका आधारमा शिक्षा तथा खेलकुद मन्त्रालयले राष्ट्रिय खेलकुद प्रतियोगिताको दशौं संस्करण २०८३ साल मङ्सिर १६ गतेदेखि २७ गतेसम्म कर्णाली प्रदेशका सुर्खेत लगायतका विभिन्न जिल्लामा आयोजना गर्ने निर्णय गरेको छ।

दशौं राष्ट्रिय खेलकुद प्रतियोगिताको यस अवसरलाई भव्य, सभ्य, व्यवस्थित एवम् सफल बनाउन सबै प्रदेश सरकार र स्थानीय तह एवम् सरोकारवाहरूलाई योजनावद्ध रूपमा प्रतियोगिताको तयारी तथा व्यवस्थापन कार्यमा जुट्न मन्त्रालय अनुरोध गर्दछ। यहाँहरू सबैको सहयोगबाट दशौं राष्ट्रिय खेलकुद प्रतियोगितामा खेलाडीहरूको उत्साहजनक सहभागिता, उदाहरणीय व्यवस्थापन, मर्यादित एवम् अनुशासित खेल प्रदर्शन भई राष्ट्रको गौरव उच्च हुने कुरामा मन्त्रालय विश्वस्त रहेको छ।

श्रीप्रसाद भट्टराई
प्रवक्ता एवम् सहसचिव

मितिः २०८३/०५/२२
नेपाल संवत् ११४६


फोन नं.:
वेबसाइट :